

# १४ औं वार्षिक साधारण सभामा प्रस्तुत प्रतिवेदन

२०८२ असोज २६ गते

द.नं.: १००३/०६८/०६९

## फेन्सी बचत तथा ऋण सहकारी संस्था लि.

## FANCY SAVING & CREDIT CO-OPERATIVE LTD.

# संस्थाका गतिविधिहरु




१४ औं स्थापना दिवस



१४ औं स्थापना दिवस



ज्येष्ठ नागरिकलाई भोजन गराउने कार्यक्रम




तीज विशेष कार्यक्रम



तीज विशेष कार्यक्रम




तीन दिने बेकरी तालिम


MEMBER
Thousands
1.80
1.60
1.40
1.20
1.00
0.80
0.60
0.40
0.20
-
2077/078
2078/079
2079/080
2080/081
2081/082


SHARE
Thousands
58,000.00
56,000.00
54,000.00
52,000.00
50,000.00
48,000.00
46,000.00
44,000.00
42,000.00
2077/078
2078/079
2079/080
2080/081
2081/082


SAVING
Thousands
6,00,000.00
5,00,000.00
4,00,000.00
3,00,000.00
2,00,000.00
1,00,000.00
-
2077/078
2078/079
2079/080
2080/081
2081/082


LOAN
Thousands
5,00,000.00
4,50,000.00
4,00,000.00
3,50,000.00
3,00,000.00
2,50,000.00
2,00,000.00
1,50,000.00
1,00,000.00
50,000.00
-
2077/078
2078/079
2079/080
2080/081
2081/082


RESERVE FUND
Thousands
40,000.00
35,000.00
30,000.00
25,000.00
20,000.00
15,000.00
10,000.00
5,000.00
-
2077/078
2078/079
2079/080
2080/081
2081/082


TOTAL ASSETS
Thousands
7,00,000.00
6,00,000.00
5,00,000.00
4,00,000.00
3,00,000.00
2,00,000.00
1,00,000.00
-
2077/078
2078/079
2079/080
2080/081
2081/082


connect IPS
pay direct from bank
अब देखि ConnectIPS बाट सिधै
फेन्सी साकोसमा रहेको आफ्नै
खातामा Fund Transfer
गर्न सकिन्छ सजिलै ।।
फेन्सी बचत तथा ऋण सहकारी संस्था लि.
FANCY SAVING & CREDIT CO-OPERATIVE LTD.

एक वर्ष सम्म

# नि:शुल्क

मोबाइल बैंकिङ् सेवा




~~Rs.300.00~~

- सिनेमा टिकट
- बस टिकट
- ट्राफिक फि भुक्तानी
- मोबाइल रिचार्ज/डाटा
- टेलिफोन बिल भुक्तानी
- खानेपानी बिल भुक्तानी
- विद्युत महशुल भुक्तनी
- इन्टरनेट बिल भुक्तानी
- बैंक ट्रान्सफर
- हवाइ टिकट
- टेलिभिजन बिल भुक्तनी
- बीमा प्रिमियम भुक्तनी

## Fancy बाट Esewa र Esewa बाट Fancy मा सजिलै रकम पठाउन र पाउन सकिने

फेन्सी बचत तथा ऋण सहकारी संस्था लि.
FANCY SAVING & CREDIT CO-OPERATIVE LTD.

eSewa www.esewa.com.np

'विना स्मार्ट फोन स्मार्ट बैकिंग गर्ने नयाँ तरिका'

## मिस्ड कल बैकिङ्ग सेवा
## Missed Call Banking

**९८६६३४८७२९**
खाताको मौज्दात (Account Balance) को जानकारी लिन ।

**९८६६३४८७२८**
रु.१०० मोबाईल रिचार्ज (Top-Up) का लागि ।




सेवा प्राप्त गर्नका लागि Fancy Smart Banking मा रजिष्टर गरि माथि उल्लेखित नम्बरमा Missed Call गर्नुहोस् ।

(यो सेवाको प्रयोग बापत कुनै अतिरिक्त शुल्क लाग्ने छैन ।)

Website: www.fancysaccos.com.np | Email: info@fancysaccos.com.np | FB: facebook.com/fancysaccosofficial

द.नं.: १००३/०६८/०६९
फेन्सी बचत तथा ऋण सहकारी संस्था लि.
FANCY SAVING & CREDIT CO-OPERATIVE LTD.

द.नं.: १००३/०६८/०६९

# फेन्सी बचत तथा ऋण सहकारी संस्था लि.
# FANCY SAVING & CREDIT CO-OPERATIVE LTD.

*(२०८२/०५/२२ गतेको चितवन पोष्ट राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित)*

प.सं./चं.नं. २०८२/०८३-९७ मितिः २०८२/५/२२

श्री शेयर सदस्यज्यू,

**विषयः १४औं वार्षिक साधारण सभामा उपस्थिति हुने सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, सहकारी विभागबाट जारि गरिएको निर्देशन, साधारण सभा (कार्य व्यवस्था) निर्देशिका २०७७ एवम् संस्थाको विनियम २०७५ बमोजिम मिति २०८२।०५।०८ गते बसेको सञ्चालक समितिको बैंठकको निर्णय अनुसार विभिन्न विषय वस्तु उपर छलफल गरी निर्णय गर्नको लागि संस्थाको **१४औं वार्षिक साधारण सभा** तपसिलको मिति, स्थान र समयमा बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य ज्यूहरूको जानकारी एवम् उपस्थितिका लागि यसै सूचना मार्फत हार्दिक अनुरोध गर्दछौ ।

**क. सभा हुने मिति, समय र स्थानः**

मिति : २०८२ असोज २६ गते आईतबार, (तदनुसार १२, अक्टुबर, २०२५)
स्थान : पर्व ब्याङ्क्येट, भरतपुर-३ कमलनगर, चितवन
समय : बिहान ११:०० देखि ३:०० बजे सम्म

**ख. छलफलका विषय/कार्यसूचीहरूः**

१. गत वर्षको सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रगति प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
३. आ.व.२०८२/०८३ को प्रस्तावित वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने सम्बन्धमा ।
४. आ.व.२०८२/०८३ को अनुमानित आय-व्यय विवरण स्वीकृत गर्ने सम्बन्धमा ।
५. आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. संस्थाको विनियम संशोधन, आन्तरिक कार्यविधिहरू संशोधन तथा पारित गर्ने सम्बन्धमा ।
७. संस्था एकीकरण सम्बन्धमा ।
८. लाभांश र संरक्षित पूँजी फिर्ता कोष वितरण गर्ने सम्बन्धमा ।
९. बाह्य दायित्व स्वीकार गर्ने सम्बन्धमा
१०. कोष विभाजन अध्यावधिक गर्ने सम्बन्धमा ।
११. लेखा सुपरिवेक्षण समिति सदस्यको निर्वाचन सम्बन्धमा ।
१२. साधारण सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।
१३. पेश्की बजेट सम्बन्धमा ।
१४. सदस्यहरूबाट प्राप्त सुझाव सम्बन्धमा ।

आज्ञाले
निरोज न्यौपाने
सचिव

**निर्वाचित मिति : २०८१ भदौ २४ गते** **कार्याकाल:४ वर्ष**

## सञ्चालक समिति

| क्र.सं. | पद | नाम, थर | सदस्यता नं. | सम्पर्क नं. |
|---|---|---|---|---|
| | अध्यक्ष | पदमबहादुर के.सी. | ००१००००७८ | ९८५५०१५६३९ |
| | उपाध्यक्ष | तारादेवी पण्डित | ००१०००२९३ | ९८४५०८२०७१ |
| | सचिब | निरोज न्यौपाने | ००१००००२६ | ९८५१०६९९१३ |
| | कोषाध्याक्ष | रामचन्द्र सुवेदी | ००१०००२६७ | ९८५५००११७९ |
| | सदस्य | झविलाल सापकोटा | ००१०००५०६ | ९८४७१३०७८५ |
| | सदस्य | दिपक नेपाल | ००१०००४३९ | ९८४५२००५८० |
| | सदस्य | सानकाजी श्रेष्ठ | ००१०००६७३ | ९८५५०६५८६२ |
| | सदस्य | छायादत्त पौडेल | ००१०००११६ | ९८४५१६३८१५ |
| | सदस्य | रामबन्धु पौडेल | ००१०००६२० | ९८४६२३५९८८ |
| | सदस्य | विष्णुप्रसाद ढकाल | ००१०००५३७ | ९७६५८१२५६० |
| | सदस्य | मिनादेवी ढकाल | ००१०००४०८ | ९८४५६३२७५६ |

## लेखा सुपरिवेक्षण समिति

| क्र.सं. | पद | नाम, थर | सदस्यता नं. | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | संयोजक | भोजेन्द्र पौडेल | ००१०००३३७ | ९८४५०५४०४९ |
| २. | सदस्य | बलराम पाण्डेय | ००१००५४०३ | ९८५५०६४५४४ |
| ३. | सदस्य | कमला आले | ००१०००४९० | ९८४५३६८९४३ |

## परामर्श समूह

| क्र.सं. | पद | नाम, थर | सदस्यता नं. | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | संयोजक | मेघराज कँडेल | ००१००००८८ | ९८५५०६०३२६ |
| २. | सदस्य | बालकृष्ण कँडेल | ००१००००२० | ९८४५०४७०७० |
| ३. | सदस्य | बोधराज शर्मा पौडेल | ००१००००६५ | ९८५५०६३१४५ |
| ४. | सदस्य | बसन्तबहादुर पाण्डे | ००१०००३४२ | ९८५५०५८३९० |
| ५. | सदस्य | रामप्रसाद पौडेल | ००१०००५५५ | ९८५५०५३७१५ |

| सल्लाहकार | | | |
|---|---|---|---|
| क्र.सं. | नाम, थर | सदस्यता नं. | सम्पर्क नं. |
| १. | प्रधुम्नकुमार सापकोटा | ००१०००१६१ | ९८५५०५०६०२ |
| २. | हेमराज पौडेल | ००१०००१८४ | ९८५५०५२२२५ |
| ३. | रामप्रसाद पौडेल, (पदेन अध्यक्ष, फेन्सी व्यवसायी संघ, चितवन) | ००१०००५५५ | ९८५५०५३७१५ |

| कानुनी सल्लाहकार | | | |
|---|---|---|---|
| क्र.सं. | पद | नाम, थर | सम्पर्क नं. |
| १. | अधिवक्ता | गजेन्द्र वस्ती | ९८५५०६०६०७ |

| संस्थापक एवम् पूर्व अध्यक्ष | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | पद | नाम, थर | अवधि | सदस्यता नं. | सम्पर्क नं. |
| १. | संस्थापक अध्यक्ष | विजयप्रकाश तण्डुकार | २०६८-२०७२ | ००१००००२१ | ९७४५००९८७८ |
| २. | पूर्व अध्यक्ष | सुर्यबहादुर आले मगर | २०७२-२०७४ | ००१०००२०७ | ९८५५०६४९११ |
| ३. | पूर्व अध्यक्ष | प्रकाश गैरे | २०७४-२०७७ | ००१०००८३ | ९८५५०५२९७० |
| ४. | पूर्व अध्यक्ष | मेघराज कँडेल | २०७७-२०८१ | ००१००००८८ | ९८५५०६०३२६ |

| ऋण उप-समिति | | | | |
|---|---|---|---|---|
| क्र.सं. | पद | नाम, थर | सदस्यता नं. | सम्पर्क नं. |
| १. | संयोजक | छायादत्त पौडेल | ००१०००११६ | ९८४५१६३८१५ |
| २. | सदस्य | नारायणप्रसाद पौडेल | ००१००५८४२ | ९८४७८३९८८१ |
| ३. | सदस्य | रेशमलाल शर्मा पौडेल | ००१०००४११ | ९८४५३२५९९७ |

| शिक्षा उप-समिति | | | | |
|---|---|---|---|---|
| क्र.सं. | पद | नाम, थर | सदस्यता नं. | सम्पर्क नं. |
| १. | संयोजक | दीपक नेपाल | ००१०००४३९ | ९८४५२००५८० |
| २. | सदस्य | सन्तोष पोखरेल | ००१००५५०० | ९८४५५०६८०९ |
| ३. | सदस्य | घनश्याम पौडेल | ००१००५६०४ | ९८४५६३१५५१ |
| ४. | सदस्य | सुर्यबहादुर नेपाली | ००१०००३४६ | ९८५५०८१०७६ |

| महिला उप–समिति | | | | |
|---|---|---|---|---|
| क्र.सं. | पद | नाम, थर | सदस्यता नं. | सम्पर्क नं. |
| १. | संयोजक | मीनादेवी ढकाल | ००१०००४०८ | ९८४५६३२७५६ |
| २. | सदस्य | पुष्पादेवी तिवारी | ००१०००७३५ | ९८४५४०७५२० |
| ३. | सदस्य | झरना बस्न्यात | ००१०००७५७ | ९८४५०९८६५७ |
| ४. | सदस्य | सृजना पौडेल खनाल | ००१०००४३१ | ९८४७३१६६६९ |
| ५. | सदस्य | सृष्टि बानियाँ | ००१००५४०५ | ९८४५७२००२८ |
| ६. | सदस्य | शान्ति श्रेष्ठ | ००१००५२३९ | ९८४५३३०६२४ |
| ७. | सदस्य | राधिका बसेल | ००१००५९८७ | ९८४५४६५७६४ |

| शुभकामना तथा समवेदना व्यवस्थापन उप–समिति | | | | |
|---|---|---|---|---|
| क्र.सं. | पद | नाम, थर | सदस्यता नं. | सम्पर्क नं. |
| १. | संयोजक | सानकाजी श्रेष्ठ | ००१०००६७३ | ९८५५०६५८६२ |
| २. | सदस्य | जनक गैरे | ००१०००५१७ | ९८५५०१९७८७ |
| ३. | सदस्य | विनोद सापकोटा | ००१०००६०८ | ९८४५०५५०६७ |
| ४. | सदस्य | गणेश श्रेष्ठ | ००१००००६४ | ९८४५०९५७२२ |
| ५. | सदस्य | ठाकुरप्रसाद सापकोटा | ००१०००८४९ | ९८४५४२००५२ |

# संस्थाको संक्षिप्त परिचय

| | | | | | |
|---|---|---|---|---|---|
| संस्था दर्ता नं. | १००३/२०६८/०६९ (सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय भरतपुर, चितवन) | | | | |
| संस्था दर्ता मिति | २०६८/११/११ | | | | |
| स्थायी लेखा नं. | ६०१३५५०६८ (आन्तरिक राजस्व कार्यालय भरतपुर) | | | | |
| संस्थाको नाम | फेन्सी बचत तथा ऋण सहकारी संस्था लिमिटेड | | | | |
| संस्थाको ठेगाना | भरतपुर महानगरपालिका ०३, कमलनगर चितवन | | | | |
| संस्थाको कार्यक्षेत्र | भरतपुर महानगरपालिका भरि | | | | |
| शेयर सदस्य संख्या आ.व. २०८१/०८२ | १७१८ जना | महिला ७४९ | पुरुष ९६८ | संस्थागत १ | बाल बचतकर्ता २१९ |
| ऋणी सदस्य संख्या आ.व. २०८१/०८२ | ७०९ जना | | | | |
| सञ्चालक समिति पछिल्लो निर्वाचन मिति | २०८१/०५/२४ | | | | |
| साधारण सभा सम्पन्न पछिल्लो मिति | २०८१/०५/२४ | | | | |
| लेखापरीक्षण सम्पन्न पछिल्लो मिति | २०८२।०६।०७ | आ.व. २०८१।०८२ | | | |
| सञ्चालक समिति | ११ जना (महिला २ जना, पुरुष ९ जना) | | | | |
| लेखासुपरीवेक्षण समिति | ३ जना (महिला १ जना, पुरुष २ जना) | | | | |
| उप–समिति विवरण | १. ऋण उप–समिति<br>२. शिक्षा उप–समिति<br>३. शुभकामना तथा समवेदन व्यवस्थापन | ४. महिला उप–समिति | | | |
| कर्मचारी संख्या | १४ जना (महिला ११ जना, पुरुष ३ जना) | | | | |
| सुरक्षा गार्ड | १ जना (गडी सेक्युरिटि सर्भिस ट्रनिङ सेन्टर प्रा.लि. भरतपुर १०, चितवन) | | | | |
| शेयर पुँजी आ.व. २०८१/०८२ | जारी शेयर पुँजी रु. पन्ध्र करोड । | चुक्ता शेयर पुँजी रु.४,९२,३१,०००।०० | | | |
| जगेडा कोष | आ.व. २०८०/०८१<br>रु.३,३६,३३,९४३।०० | आ.व. २०८१/०८२<br>रु.३,५२,७३,७४१।३७ | | | |
| बचत संकलन हिसाब आ.व. २०८१/०८२ | बचत/निक्षेप हिसाब | रु.५०,१२,९६,२४६।७८ | | | |
| सदस्यलाई ऋण प्रवाह आ.व. २०८१/०८२ | लगानीमा रहेको ऋण | रु.४०,०६,०४,८२८।७३ | | | |
| संस्थाको कुल सम्पत्ति | आ.व. २०८०/०८१<br>रु.६८,२८,१६,४०१।३७ | आ.व. २०८१/०८२<br>रु.५९,९५,७१,९८०।४५ | | | |
| संस्थाको आवद्धता | १. भरतपुर म.न.पा. सहकारी तथा रोजगार प्रवर्द्धन शाखा चितवन<br>२. आन्तरिक राजस्व कार्यालय, चितवन | १. नेफ्स्कुन<br>२. राष्ट्रिय सहकारी बैंक<br>३. बागमति प्रदेश सहकारी संघ<br>४. बमगमती प्रदेश बचत ऋण संघ (प्रोस्कुन)<br>५. जिल्ला सहकारी संघ चितवन<br>६. जिल्ला बचत तथा ऋण सहकारी संघ, चितवन | | | |



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची महाकाली ।२

प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो, मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।।

# साकोस गान

सहकारी अभियान उन्नतिको आधार हो
सबै अट्ने साझा थलो सिङ्गो परिवार हो ।।
थिए धर्म भकारी र गुठी लाखौ लाख देशमा
संस्कार थियो मिलापको एकता र विकासमा ।।
अमूल्य मूल्य देशको सगर्व सधैं रही रहोस्
मिलाई हातमा हात यी विचार एक रही रहोस् ।।
हजार गौंथली र यहाँ करोडौं मौरी बन्नुछ
सँगाली बुंद बुंदले जिन्दगी यो बदल्नुछ ।।
साकोस क्रान्ति अघि बढोस् अघि अघि बढी नै रहोस्
हिमाल पहाड तराईमा सबैतिर फैलिरहोस ।।
सिद्धान्त हाम्रा अमर रहुन्, स्वप्नद्रष्टा अमर रहुन्
वसुधैव कुटुम्बकम्, आदर्श अमर रहुन् ।।

दर्ता नं.:११२/०७३/०७४
"एकता नै शक्ति हो, शक्तिको सदुपयोग गरौं ।"
फोन: ०५६-५१८६७६

# फेन्सी व्यवसायी संघ चितवन
## Fancy Professional Association Chitwan

नारायणगढ, चितवन

च.नं.- ०६६/०८१/०८२

मिति : २०८२/०६/१२

## शुभकामना

"एकता नै शक्ति हो शक्तिको सदुपयोग गरौ" भन्ने मूल नारावाट प्रेरित फेन्सी व्यवसायी संघको प्रवर्द्धनमा स्थापित यस फेन्सी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो गौरवमय १४औ वार्षिक साधारणसभाको अवसरमा प्रस्तुत गरेको वार्षिक प्रगति प्रतिवेदनको प्रकाशन कार्य सम्पन्न भएको यस अवसरमा सम्पूर्ण सहकर्मी तथा सहयोगि महानुभावहरुलाई हार्दिक वधाई तथा शुभकामना प्रदान गर्न चाहान्छु ।

समान शेयर, समान व्यवसाय र सहकारितामुलक सहभागितामा आधारित यस संस्थाले विगतदेखि निरन्तर सामाजिक तथा आर्थिक विकासमा निर्वाहा गरेको भुमिकालाई यस अवसरमा विशेष सराहना गर्न चाहानछु । संस्थाले प्रस्तुत गर्दै आएको सामाजिक उत्तरदायित्व , पारदर्शिता , आपसि सहयोग र नेतृत्व विकासमा पुऱ्याएको योगदानलाई अझै उच्च मुल्याङ्कन गर्दै आगामि दिनमा थप प्रभावकारी कार्यसम्पादन हुने विश्वास व्यक्त गर्दछु ।

यस संस्थाको निरन्तर प्रगति र समृद्धिको कामना गर्दै , सदस्यहरुको भावना र अपेक्षालाई आत्मसात् गरी अझ सशक्त , उत्तरदायित्व र दिगो सहकारी विकासमा अघि वढोस् र आगामी दिनमा यस संस्थालाई आफ्ना शेयर सदस्यहरुको भावना वमोजिम अझ प्रभावकारी रुपमा अगाडी वढ्न पूर्ण सफलता मिलोस भन्ने हार्दिक शुभेच्छा व्यक्त गर्दछु । जय फेन्सी !

धन्यवाद

.............................

अध्यक्ष

राम प्रसाद पौडेल

# १४औं वार्षिक साधारण सभा समक्ष सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन (२०८१/०८२)

**(कार्यसूची नं. १ सँग सम्बन्धित)**

फेन्सी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १४औं बार्षिक साधारण सभाका शेयर सदस्य ज्यूहरु, बागमती प्रदेश बचत संघका प्रमुख कार्यकारी अधिकृत एवम् सहकारी विज्ञ श्री केशव प्रसाद दाहाल ज्यू, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, फेन्सी व्यवसायी संघ परिवार, पूर्व अध्यक्षज्यूहरु, सल्लाहकारज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवं सदस्यज्यूहरु, पत्रकार एवम सञ्चारकर्मी मित्रहरु, संस्थाका कर्मठ कर्मचारीहरु सम्पूर्णमा संस्थाको र मेरो व्यक्तिगत तर्फबाट स्वागत गर्दै सहकारी अभिवादन व्यक्त गर्दछु ।

मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरिबी न्यूनिकरणको लागि सार्वजानिक, नीजि र सहकारी क्षेत्र सहितको तिन खम्वे अर्थ नीतिलाई प्राथामिकतामा राखेकाले सहकारी क्षेत्रको महत्व उजागर भएको व्यहोरा सबैमा विदितै छ । वर्तमान समयमा शेयर सदस्यहरुको आन्दोलन, र सहकारी क्षेत्रमा देखिएको समस्याहरुलाई मध्यनजर गरी हाल नेपाल राष्ट्र बैंक र नेपाल सरकारले सहकारी बोर्ड खारेज गरि राष्ट्रिय सहकारी नियमन प्राधिकरणको स्थापना गरी बचत तथा ऋण कारोबार गर्ने सहकारीलाई **मिति २०८२।०२।०९ गते नियामकीय मापदण्ड २०८२ जारी** गएिको छ जसबाट बचत तथा ऋण सहकारीको नेतृत्व वर्ग, र कारोबारमा प्रत्यक्ष रुपमा प्रभाव देखिएको छ । जसले सञ्चालक समितिको सदस्य संख्या ५ देखि ९ सम्म कायम, कुनै पनि सदस्य एकै अवधिमा एक भन्दा बढी संस्थामा सञ्चालक समितिमा बस्न नपाउने, अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, लेखा समितिको संयोजक दुई कार्यकाल भन्दा बढी त्यस संस्थाको सञ्चालकमा बस्न नपाउने, सञ्चालक आफु जमानीमा ऋण प्रवाह गर्न नमिल्ने, कार्यकारी प्रमुखको कार्यकाल अवधि ४ बर्ष र सञ्चालक समितिको निर्णय अनुसार १ बर्ष समय थप गर्न सक्ने, सदस्यहरुलाई प्राथामिक पूँजी कोषको १५ प्रतिशत सम्म धितोमा लिई ऋण लगानी गर्न सकिने, सदस्य कायम भएको ६ महिना पछि मात्र बिना धितो ऋण लगानी गर्न सकिने, तर धितोमा आधारित ऋण लगानी सदस्यता कायम भएको ३ महिना पछि पनि गर्न सकिने, बचतको ९० प्रतिशत वा नियमित बचतको पाँच गुणा वा बढीमा ३ लाख सम्म कम्तिमा २ जना सदस्य जमानी राखि बिना धोतो ऋण लगानी गर्न सकिने, संस्थाको बचत दायित्वको १५ प्रतिशत तरलता व्यवस्था गरेर मात्र ऋण प्रवाह गर्नुपर्ने, प्रति सदस्य संस्थाको प्राथमिक पूँजिकोषको १० प्रतिशत भन्दा बढी बचत गर्न नपाउने, कुनै पनि सदस्य एउटा मात्र बचत तथा ऋण कारोबार गर्ने सहकारीमा सदस्यता हुनुपर्ने, सम्पत्ति शुद्धिकरण निवारण ऐन अनुसार सदस्यको सिमा कारोबारको (१० लाख वा सो भन्दा वढी) जानकारी नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाईमा १५/१५ दिनमा बुझाउने र स्रोतको पहिचान अनिवार्य खुलाउनुपर्ने, ऋण लगानी भएको सदस्यको ऋण सदुपयोगिता (अनुगमन) गर्नुपर्ने व्यवस्थाले गर्दा सदस्यको कारोबार, संस्थाको कारोबार र रणनीतिक व्यवसायिक योजनालाई समेत प्रत्यक्ष प्रभाव गरेको सम्मानित सभामा व्यक्त गर्दछु ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मिति २०८२।०५।१७ मा जारी गरिएको **साधारण सभा संचालन सम्बन्धी निर्देशन नं**. ०२/२०८२/०८३ अनुसार साधारण सभामा गैर-सदस्यलाई आमन्त्रण गर्न नपाउने, आसनग्रहण सम्बन्धी कार्यक्रमहरु राख्न नपाउने, छाता संघहरुबाट शिक्षामुलक कार्यक्रम गराउने गरि स्रोत व्यक्तिको रुपमा मात्र आमन्त्रण गर्न सकिने, साधारण सभामा सहभागि हुने सदस्यलाई सामान्य खाजा/खाना बाहेक, भोजभतेर, उपहार, उद्घाटन सत्र, अतिथि सत्कार, सदस्यलाई सहभागि भत्ता प्रदान गर्ने जस्ता फजुल खर्च गर्न नपाउने व्यवस्थाले गर्दा सदस्य सहभागितामा प्रत्यक्ष प्रभाव पार्न सक्ने यस सम्मानित सभामा राख्न चाहन्छु ।

साविक चितवन जिल्ला, भरतपुर नगरपालिका क्षेत्र भित्रका वडा नम्बर २, ३, र ४ का फेन्सी व्यवसायसँग आबद्ध व्यक्तिहरूले आपसी सहयोग, व्यवसाय प्रवर्धन, सहभाव वृद्धि, भैपरि आउने आर्थिक समस्याको समाधान, सामाजिक एकता तथा मानवीय मूल्य र मान्यताको विकास गर्न र फेन्सी व्यवसायमा संलग्न व्यक्तिहरू बीच सम्बन्ध सुदृढ गर्दै स्वस्फूर्त रूपले सामूहिक भावनाको अभिवृत्ति गर्ने/गराउने उद्देश्यले अभिप्रेरित भई सहकारी सिद्धान्त अनुसार सदस्यहरुलाई आफूले आर्जन गरेका आयबाट नियमित रुपले बचत गर्न उत्प्रेरित गरी, संकलन भएको बचतबाट प्राप्त रकमले आफ्नो सदस्यहरुलाई व्यवसाय सञ्चालन गर्न लगानी गर्ने, स्वरोजगार वृद्धि गर्ने, व्यावसायिक र औद्योगिक सांस्कृतिको स्थापना तथा प्रवर्द्धन गर्ने, व्यावसायिक नेतृत्व र प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने, र "एकता नै शक्ति हो शक्तिको सदुपयोग गरौं" भन्ने उद्देश्यले मिति २०६८ साल पुस १८ गते चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नम्बर ३ र ४ नारायणघाट बजारका फेन्सी व्यवसायसँग सम्बन्धित ३६ जना व्यक्तिहरु बिच प्रारम्भिक भेला गरिएको थियो । जस पश्चात विजय प्रकाश तण्डुकारज्यू र श्री हरि शर्मा पौडेलज्यू, एकदिन बिहान घरदैलो एवम् बजार परिक्रमा गरि १७५ जना व्यक्तिहरुबाट प्रति व्यक्ति रु.५,०००।०० का दरले शेयर पूँजी संकलन, र दैनिक ५० का दरले बचत संकलन सुरु गरिएको थियो । जसलाई मूर्त रूप प्रदान गर्न, संस्था दर्ताको जिम्मेवारी तत्कालीन अध्यक्ष विजयप्रकाश तण्डुकार ज्यू, सचिव हरि शर्मा पौडेलज्यू, र कोषाध्यक्ष बालकृष्ण कँडेलज्यूलाई दिइएको थियो । ३६ जना सदस्यको घरदैलोमा पुगी प्रत्येक पन्नामा सहिछाँप गराई फेन्सी बचत तथा ऋण सहकारी संस्था लिमिटेड नामाकरण गरि आधिकारीकताका लागि २०६८/११/११ गतेका दिन सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय भरतपुर चितवनमा दर्ता गरिएको थियो । संस्थाको स्थापनाकालमा तपसिल बमोजिमको ११ सदस्यीय सञ्चालक समिति र ३ सदस्यीय लेखा सुपरीवेक्षण समिति बनेको थियो ।

**संस्थापक सञ्चालक समिति** :

१. अध्यक्ष श्री विजयप्रकाश तण्डुकार

२. उपाध्यक्ष श्री युसुफदिन मिया

३. सचिव श्री हरिशर्मा पौडेल

४. कोषाध्यक्ष श्री बालकृष्ण कँडेल

५. सञ्चालक सदस्य श्री हेमराज पौडेल

६. सञ्चालक सदस्य श्री प्रकाश गैरे,

७. सञ्चालक सदस्य श्री काशिनाथ लामिछने,

८. सञ्चालक सदस्य श्री खिमलाल अर्याल,

९. सञ्चालक सदस्य श्री कल्पना घिमिरे,

१०. सञ्चालक सदस्य श्री मेघराज कँडेल,

११. सञ्चालक सदस्य श्री सूर्यबहादुर आले

**लेखा सुपरीवेक्षण समिति :**

१. श्री बोधराज पौडेल

२. श्री माधव अधिकारी

३. श्री दीपा शाही

यस पश्चात सञ्चालक अध्यक्षमा क्रमश श्री सूर्यबहादुर आले, श्री प्रकाश गैरे, श्री मेघराज कँडेल हुँदै आज मेरो काधमा जिम्मेवारी आएको कुरा पनि यसै सभा मार्फत स्मरण गराउन चाहन्छु ।

आदरयणीय शेयर सदस्य महानुभावहरु,

संस्थाको आर्थिक वर्ष २०८०।०८१ र आर्थिक वर्ष २०८१।०८२ को तुलनात्मक संक्षिप्त वित्तीय कारोबार तथा अन्य विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

| विवरण | असार मसान्त २०८१ | असार मसान्त २०८२ | प्रगति (फरक) | |
|---|---|---|---|---|
| | | | रकम | प्रतिशत |
| शेयर सदस्य | १,७२४.०० | १,७१८.०० | (६.००) | (०.३५) |
| बैंक मौज्दात | २४,७२,४९,६३८.१३ | १३,९१,८६,५५०.१६ | (१०,८०,६३,०८७.९७) | (४३.७१) |
| ऋण लगानी | ४१,८२,५८,५४०.९३ | ४०,०६,०४,८२८.७३ | (१,७६,५३,७१२.२०) | (४.२२) |
| वित्तीय लगानी हिसाव | ४९,९०,४०७.४८ | ५,००,६७,११३.७० | ४,५०,७६,७०६.२२ | ९०३.२७ |
| कुल सम्पत्ति | ६८,२८,१६,४०१.३७ | ५९,९५,७१,९८०.४५ | (८,३२,४४,४२०.९२) | (१२.१९) |
| सदस्यबाट निक्षेप दायित्व | ५८,३७,२५,६५८.०८ | ५०,१२,९६,२४६.७८ | (८,२४,२९,४११.३०) | (१४.१२) |
| ऋण जोखिम व्यवस्था | २,४४,६०,४५७.५९ | ३,८१,६२,६८३.६० | १,३७,०२,२२६.०१ | ५६.०२ |
| शेयर पूँजी | ५,२९,४६,८००.०० | ४,९२,३१,०००.०० | (३७,१५,८००.००) | (७.०२) |
| साधारण जगेडा कोष | ३,३६,३३,९४२.७७ | ३,५२,७३,७४१.३७ | १६,३९,७९८.६० | ४.८८ |
| कुल आम्दानी | ६,७७,२३,६८८.८५ | ५,८९,२९,८४९.९९ | (८७,९३,८३८.८६) | (१२.९८) |
| कुल खर्च | ६,४६,७८,६९६.७१ | ५,७७,६५,५७४.४१ | (६९,१३,१२२.३०) | (१०.६९) |
| खुद मुनाफा | ३०,४४,९९२.१४ | ११,६४,२७५.५८ | (१८,८०,७१६.५६) | (६१.७६) |

**संस्थाको आर्थिक वर्ष २०८१/०८२ को वित्तीय स्रोत तथा आम्दानी, खर्चको विवरण यस प्रकार रहेको छ।**

**सदस्यको अवस्था :**

गत आ.व. मा शेयर सदस्य संख्या १७२४ रहेकोमा यस आ.व. २०८१/०८२ मा १७१८ जान रहेका छन् जसमा

१ वटा संस्था सदस्य रहेका छन् । जसको बृद्धिदर ०।२३ प्रतिशतले ऋणात्मक रहेको छ ।

**शेयर पूँजीको अवस्था :**

गत आ.व.मा शेयर पूँजी रु ५,२९,४६,८००/- भएकोमा यस आ.व. २०८१।०८२ मा रु.४,९२,३१,०००/- पुग्न गएको छ । जसको बृद्धिदर ७।०२ प्रतिशतले ऋणात्मक देखिएको छ । प्रति सदस्य औषत शेयर पूँजीको अनुपात रु.२८,६०० रहेको छ । औषत शेयर पूँजी खरिद गर्ने सदस्य ३२।०७ प्रतिशत रहेको छ । संस्थाको चुक्ता शेयर पूँजी कुल सम्पत्तिको अनुपातमा ८।२१ प्रतिशत रहेको छ ।

**जगेडा कोष तथा संस्थागत पूँजी :**

गत आ.व. मा साधारण जगेडा कोषमा रु.३,३६,३३,९४२।७७ रहेकोमा यस वर्षको मुनाफा, खर्च नभएका अन्य कोष रकमान्तर रु.१६,२९,७९८।६०, यस वर्षको जगेडा कोष रु.३,५२,७३,७४१।३७ र घाटापूर्ति कोषमा रहेको रु.२१,६०,५८७।७५ गरि संस्थागत पूँजी रु.३,७४,३४,३२९।१२ पुग्न गएको छ । जुन कुल सम्पत्तिको अनुपातमा ६।२४ प्रतिशत हुन आउँदछ ।

**बचत/निक्षेपको अवस्था :**

गत आ.व.मा बचत/निक्षेप रु.५८,३७,२५,६५८।०० भएकोमा यस आ.व. २०८१/०८२ मा रु.५०,१२,९६,२४६।७८ पुग्न गएको छ। जुन कुल सम्पत्तिको अनुपातमा ८३।६१ प्रतिशत हुन आउँदछ। जसको बृद्धिदर १४।१२ प्रतिशतले ऋणात्मक भएको छ ।

**तरलताको अवस्था :**

यस आ.व.मा रु.१३,९१,८६,५५०।१६ पुग्न गएको छ। जुन कुल सम्पत्तिको अनुपातमा २३।२१ प्रतिशत हुन आउँछ भने कुल बचत निक्षेपको अनुपातमा २७।७७ प्रतिशत हुन आउँछ ।

**ऋण लगानीको अवस्था :**

गत आ.व. मा लगानी रहेको ऋण रु.४१,८२,५८,५४०।९३ रहेकोमा यस आ.व. २०८१।०८२ मा ४० करोड ४३ लाख ४१ हजार ऋण लगानी हुँदा रु.४० करोड १७ लाख ७६ हजार असुली भई यस आ.व. मा लगानी रहेको ऋण रु. ४०,०६,०४,८२८।७३ कायम भएको छ । जुन कुल सम्पत्तिको अनुपातमा ६६।८२ प्रतिशत हुन आउँछ । गत आ.व.को तुलनामा यस आ.व.मा लगानीमा रहेको ऋण रु. १ करोड ७६ लाख ५३ हजारले कमि भएको छ ।

**कुल आम्दानीको अवस्था :** यस आ.व.मा रु.५,८९,२९,८५०।९९ पुग्न गएको छ। जुन औषत कुल सम्पत्तिको अनुपातमा ९।८३ प्रतिशत आम्दानी दर हुन आउँछ । कुल आम्दानी मध्ये ऋणबाट प्राप्त ब्याज कुल आम्दानीको अनुपातमा ८५।६० प्रतिशत, बैंकबाट प्राप्त ब्याज ७।८४ प्रतिशत, ऋण व्यवस्थापन शुल्कबाट प्राप्त व्याज ५।२९ प्रतिशत रहेको छ भने कुल आम्दानीको अनुपातमा अन्य आम्दानी १।२७ प्रतिशत रहेकोछ ।

**वित्तीय खर्च :**

यस आ.व.मा रु.२,५३,७९,८७९।५२ पुग्न गएको छ। जुन औषत कुल सम्पत्तिको अनुपातमा ३।९३ प्रतिशत हुन आउँछ ।

**सञ्चालन खर्चको अवस्थाः**

यस आ.व.मा रु.१,४१,२०,२३७।०६ पुग्न गएको छ। जुन कुल औषत सम्पत्तिको अनुपातमा २।१८ प्रतिशत हुन आउँछ। जसमा कुल सञ्चालन खर्च मध्ये कर्मचारी खर्चमा ४३।३७ प्रतिशत, सुशासन खर्चमा १५।७२ प्रतिशत, प्रशासनिक खर्चमा ३२।२१ प्रतिशत, बजार प्रवर्द्धन तथा कार्यक्रमिक खर्च ३।०७ प्रतिशत, ह्रास खर्च ५।६३ प्रतिशत रहेको छ।

**ऋण सुरक्षण खर्चको अवस्थाः**

यस आ.व.मा रु.१,३७,०२,२२६।० पुग्न गएको छ। जुन औषत कुल सम्पत्तिको अनुपातमा २।१२ प्रतिशत हुन आउँछ।

**खुद मुनाफा**

गत आर्थिक वर्ष सञ्चालन मुनाफा रु.४०,२८,८७८।०४ र खुद मुनाफा रु.३०,४४,९९२।१४ भएकोमा यस आर्थिक वर्ष सञ्चालन मुनाफा रु.५३,३०,५४३।५३ र खुद मुनाफा रु.१०,६२,४००।६८ भएको छ।

**राजश्वमा योगदान**

संस्थाले यस आर्थिक वर्ष २०८१/०८२ मा आयकर बापत रु.४२,७७,१४४।४६, व्याजकर बापत रु.१५,४४,७८२।३९ र अन्य भुक्तानीमा कर कट्टी बापत रु.२,८३,४३२।५३ गरि जम्मा रु.६१,०५,३५९।३८ सरकारी राजश्वमा योगदान गरेको छ।

**कर्मचारी दरबन्दी एवम् व्यवस्थापन**

संस्थाका कर्मचारीहरु संस्थाका महत्वपूर्ण सम्पत्ति भएकोले उनीहरुको क्षमता बृद्धि, विकासका लागि समयानुकुल तालिम प्रशिक्षण प्रदान गर्ने, छाता संघले आयोजना गर्ने विभिन्न शिक्षा तथा तालिममा सहभागि गराउने, संस्थाको क्षमताले धाने सम्मको तलब सुविधा बृद्धि, पुरस्कार, नाफाको आधारमा बोनस प्रदान गर्ने नीति लिएको छ। हाल संस्थामा १४ जना आन्तरिक कर्मचारी र १ जना बाह्य कम्पनिसँगको सम्झौतामा सुरक्षा गार्ड रहेको छ। संस्थाको आन्तरिक सबै कर्मचारीलाई योगदानमा आधारित समाजिक सुरक्षा कोषमा आबद्ध गराएको छ।

**सम्पत्ति शुद्धीकरण तथा नियमन निकायको निर्देशन पालना**

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी विभागको निर्देशन बमोजिम कार्यान्वयन अधिकारी नियुक्ति गरी सम्पत्ति शुद्धीकरण सम्बन्धी रिपोर्टीङ नियमक निकायमा तोकिएको समयमा पेश गरिनुका साथै सहकारी ऐनमा भएको प्रावधान बमोजिम मासिक, चौमासिक, वार्षिक र समय समयमा नियामकबाट माग भए बमोजिम रिपोर्टीङ तथा विवरणहरु समयमानै नियामक निकायमा पठाई आवश्यक वित्तीय सूचनाहरु कोपोमिस प्रणालीमा प्रविष्ठि गर्ने गरिएको छ।

# आ.व. २०८२।०८३ को लागि प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम र अनुमानित आय-व्यय विवरण

(कार्यसूची नं. ३ र ४ सँग सम्बन्धित)

**(क) प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम**

- यस आ.व. मा १७५ जना सदस्य सदस्यता वृद्धि गर्ने । निःशुल्क प्रवेश, न्युनतम ५ कित्ता अर्थात रु.५०० को शेयर खरिद गरि सदस्यता लिने सकिने व्यवस्थालाई निरन्तरता दिइने छ ।
- मासिक न्यूनतम रु.५०० बाट मासिक बचत गर्न सकिने व्यवस्थालाई निरन्तरता दिईएको छ । मासिक बचत फिर्ता आवश्यक परेमा ८ वर्षपछि, १५ वर्ष पछि २५ वर्ष पछि वा सदस्यको उमेर ६० वर्ष पुरा भएपछि बाँकी बचतको ५० प्रतिशत र औषधी उपचार गर्नु परेमा वा सदस्यता त्याग भएमा फिर्ता गरिने व्यवस्था कायम गरिने छ ।
- सदस्य सहभागिता स्तर बृद्धि गर्न स्थापना दिवस, चाडपर्व शुभकामना आदानप्रदान, तीज लगायतका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सदस्यलाई आर्थिक सुरक्षा प्रदान गर्ने उद्देश्यले ऋण बीमा गरिने कार्यलाई निरन्तरता दिईनेछ ।
- सूचना प्रविधिको प्रयोगलाई बढवा दिन यस वर्ष पनि पहिलो पटक मोबाईल बैंकिङ सेवा लिने सदस्यलाई निःशुल्क सेवा प्रदान गरिने छ ।
- सदस्यलाई औषधि उपचारका लागि स्वास्थ्य उपचार खर्च बापत शेयर पूँजीमा गरेको योगदानका आधारमा अधिकतम् ५% सम्म औषधि उपचार खर्च प्रदान गरिनेछ ।
- महिला सदस्य लक्षित थप बस्तु तथा सेवाको विकास गरिनेछ ।
- सहकारी कानूनी शिक्षा, व्यवसाय लक्षीत लेखा तालिम, वित्तीय साक्षरता, सदस्य अवलोकन भ्रमण, उद्यमशील विकास, सूचना प्रविधिको प्रयोग, साईबर सुरक्षा लगायतका सदस्य शिक्षामूलमक तालिम तथा कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- सार्वजनिक विदाको दिनमा समेत सेवा संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- असल बचतकर्ता, ऋसल ऋणी, डिजिटल तथा सूचना प्रविधिको अधिकतम् प्रयोगकर्ता सदस्यलाई सम्मान तथा प्रोत्साहन प्रदान गरिने छ ।
- यस आ.व.मा आवश्यता अनुसार संस्थाको विनियम, आन्तरिक कार्यविधिहरु संशोधन तथा निर्माण गरि स्वीकृतिका लागि साधारण सभामा पेश गरिने छ ।
- खुला रक्तदान, महिला शसक्तिकरण, निःशुल्क स्वास्थ शिविर, आश्रममा भोजन गराउने, सुत्केरी महिला सदस्य भेटघाट लगायतका सामाजिक उत्तरदायित्वमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- कार्यालयको दैनिक प्रयोजनका लागि २ पाङ्ग्रे सवारी साधन १ थान, प्रोजेक्टर प्रयोजनका लागि र सदस्य वेटिङ् कक्षका लागि १-१ थान स्मार्ट टिभि खरिद गरिने लक्ष्य लिएको छ ।
- सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, विभिन्न उपसमितिको ज्ञान तथा सीप विकास गर्न उपसमितिको क्षमता विकास तालिम, कानुनी संहिता तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनुका साथै संघ र निकायले सञ्चालन गरिने आवश्यक कार्यक्रम तथा तालिममा सहभागि गराईने छ ।
- कर्मचारीको क्षमता बृद्धि, विकास गर्न वित्तीय विश्लेषण तथा व्यवस्थापन तालिम र बस्तु तथा सेवाको बजारीकरण तालिम सञ्चालन गरिनुका साथै संघ र निकायले सञ्चालन गरिने आवश्यक कार्यक्रम तथा तलिममा सहभागि गराईने छ ।
- कर्मचारी तलब समायोजन गरिने छ । यस आ.व. भित्र सबै कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराईने छ ।
- यस आ.व.मा कुल सम्पत्ती बृद्धि दर १२।७४ प्रतिशतले गरिने छ । आधार वर्षको आधारमा शेयर पूँजी बृद्धिदर २।९० प्रतिशत, बचत/निक्षेप बृद्धिदर ६।९८, ऋण लगानी बृद्धिदर १३।७७ प्रतिशत, संस्थागत पूँजी ६।३५ प्रतिशतका दरले बृद्धि गर्ने लक्ष्य लिएको छ ।
- धन जमानतमा ऋण लगानी गर्दा एकाघर परिवारमा, एक भन्दा बढी व्यवसाय सञ्चालनमा भएता पनि २० लाख भन्दा बढी ऋण लगानी नगर्ने व्यवस्था कायम गरिनेछ । ऋण लागानी सीमालाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणको मापदण्ड, निर्देशन भित्र पर्ने गरि मात्र गरिनेछ । बिना धितो ऋण लगानीलाई प्राथामिकता दिने छैन ।
- एकै व्यक्तिलाई आकस्मिक ऋण बाहेक एक भन्दा बढि शिर्षकमा ऋण लगानी नगरिने व्यवस्था गरिनेछ ।
- बचत धितोमा आधारित ऋण लगानीमा सेवा शुल्क नलिने, न्यून व्याजदर कायम गरिने व्यवस्था गरिएको छ । यस कार्यलाई निरन्तरता दिदै लगिनेछ ।
- धितोमुलक ऋणमा कम व्याजदर, बढी समयावधि र सहुलियत प्रदान गरिनेछ । ऋण लगानी प्रकृयालाई सहज, र सरल बनाईने लक्ष्य लिएको छ ।
- भाखा नाघेको ऋण असुली प्रकृयालाई विशेष प्राथामिकतामा राखिने छ जसलाई ऋण असुली कार्यविधि एवम् प्रचलित ऐन कानुन अनुसार कारवाही प्रकृया अपनाइने छ ।
- समयमा ऋणको किस्ता भुक्तानी गर्ने सदस्यलाई पाकेको व्याजमा अधिकतम ५ प्रतिशत व्याज छुट प्रदान गर्ने, र हर्जनामा छुट प्रदान गर्ने लक्ष्य लिएको छ ।
- नियमित ऋणको किस्ता तिर्ने महिला सदस्यलाई पाकेको व्याजमा १० प्रतिशत छुट प्रदान गर्ने लक्ष्य लिएको छ ।

### (ख) चाल आव.व. २०८२।०८३ को अनुमानित वित्तिय लक्ष्य तथा आय–व्यय विवरण (बजेट)

संस्थाको स्रोत र साधानको समुचित रुपमा परिचालन गरी वित्तीय संरचनालाई मजबुत बनाउँदै सदस्यलाई गुणस्तरीय एवम् प्रतिष्पर्धी सेवा र समयानुकुल प्रतिफल प्रदान गर्ने लक्ष्य सहितको चालु आ.व. २०८२।०८३ को व्यावसायिक योजना तथा आय व्यय विवरण यस सम्मानित साधारण सभा समक्ष निर्णयार्थ निम्न अनुसार पेश गरिएको छ ।

#### (१) अनुमानित आय-व्यय विवरण

| क्र.सं. | आम्दानी विवरण | अनुमानित | वास्तविक | प्रगति प्रतिशत | प्रस्तावित |
|---|---|---|---|---|---|
| | | २०८१.०८२ | २०८१.०८२ | २०८१.०८२ | २०८२.०८३ |
| १ | ऋण वाट प्राप्त व्याज | ७,३८,८५,५००.०० | ५,०९,४२,२०५.६३ | ६८.९५ | ५,५६,८०,५४५.११ |
| २ | वैंक वाट प्राप्त व्याज | ८७,२५,६२५.०० | ४६,२२,६४१.५६ | ५२.९८ | ५०,५२,६१२.०५ |
| ३ | ऋण व्यवस्थापन शुल्क | - | ३१,१४,२१२.५० | | ३४,०३,८७७.९३ |
| ४ | अन्य आम्दानी | ४८,४५,१२५.०० | ६,७७,६६५.८८ | १३.९९ | ७,४०,६९८.३१ |
| | **(क) जम्मा आम्दानी** | ८,७४,५६,२५०.०० | ५,९३,५६,७२५.५७ | ६७.८७ | ६,४८,७७,७३३.४० |
| १ | **वित्तीय खर्च** | ४,७१,१८,३७५.०० | २,५३,७९,८७९.५२ | ५३.८६ | २,५९,५१,०९३.३६ |
| १.१ | बचतको व्याज खर्च | ४,७१,१८,३७५.०० | २,५३,७९,८७९.५२ | ५३.८६ | २,५९,५१,०९३.३६ |
| २ | **संचालन खर्च** | १,६७,७३,६२६.०० | १,४१,२०,२३७.०६ | ८४.१८ | १,८७,६८,४३३.३५ |
| २.१ | कर्मचारी खर्च | ७३,७४,५१२.०१ | ६१,२४,६४७.८० | ८३.०५ | ६७,२१,७८८.६८ |
| २.२ | सुशासन खर्च | ३२,७३,०१०.०० | २२,१९,५५३.३५ | ६७.८१ | २८,५३,५४१.८८ |
| २.३ | प्रशासनिक खर्च | ४४,४४,३६६.१७ | ४५,४८,७३३.०४ | १०२.३५ | ५२,२१,४९७.०० |
| २.४ | बजार तथा कार्यक्रमिक खर्च | ७,९३,०००.०० | ४,३३,०४२.४६ | ५४.६१ | ३१,५०,५००.०० |
| २.५ | ह्रास खर्च | ८,८८,७३७.८२ | ७,९४,२६०.४१ | ८९.३७ | ८,२१,१०५.७९ |
| ३ | **ऋण सुरक्षण खर्च** | ४६,९७,२२८.०० | १,३७,०२,२२६.०१ | २९१.७१ | ६४,८७,७७३.३४ |
| | **(ख) जम्मा खर्च** | ६,८५,२७,३७७.०० | ५,३२,०२,३४२.५९ | ७७.६४ | ५,१२,०७,३००.०५ |
| | **नाफा** | १,८९,२८,८७३.०० | ६१,५४,३८२.९८ | ३२.५१ | १,३६,७०,४३३.३५ |
| | आयकर व्यवस्था | ३७,८५,७७४.६० | १२,३०,८७६.६० | ३२.५१ | २७,३४,०८६.६७ |
| | **खुद वचत** | १,५१,४३,०९८.४० | ४९,२३,५०६.३८ | ३२.५१ | १,०९,३६,३४६.६८ |

## विनियम, आन्तरिक कार्यविधि संशोधन तथा तर्जूमा सम्बन्धमा

(कार्यसूची नं. ६ सँग सम्बन्धित)

संस्थाको विनियम २०७५ मा समयानुकुल केहि बुँदाहरु संशोधन गर्न आवश्यक भएको हुँदा संशोधनका लागि सञ्चालक समितिमा अख्तियारी प्रदान गरिदिनुहुन प्रस्ताव गरिएको छ । साथै सहकारी ऐन, नियमावली, निर्देशन, नियामकीय मापदण्ड बमोजिम संस्थाको आन्तरिक कार्यविधि संशोधनका साथै तर्जुमा भएको कार्यविधिहरु पारितका लागि साधारण सभामा पेश गरिने छ ।

## शेयर लाभांश र संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा

(कार्यसूची नं. ८ सँग सम्बन्धित)

संस्थाले आर्थिक वर्ष २०८१/०८२ को वार्षिक लेखापरीक्षण पश्चात सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा आन्तरिक कार्यविधिको अधिनमा रहि शेयर लाभाँश कोषमा बाँडफाँड भएको रकमबाट शेयर सदस्यलाई शेयर पूँजीमा गरेको योगदानका आधारमा ०।९९ प्रतिशत (कर सहित) का दरले लाभाँश वितरणको लागि प्रस्ताव गरिएको छ । साथै आर्थिक वर्ष २०८१/०८२ मा संरक्षित पूँजी फिर्ता कोषमा बाँडफाँड भएको रकमबाट सदस्यहरुको बचत र ऋण कारोबारको आधारमा सदस्यलाई बचत कारोबार तर्फ ०।३० प्रतिशतका दरले र ऋण कारोबार तर्फ ०।२५ प्रतिशत को दरले संरक्षित पूँजी फिर्ता कोष वितरणका लागि सिफारिस गरिएको छ ।

## कोष विभाजन अध्यावधिक गर्ने सम्बन्धमा ।

(कार्यसूची नं. १० सँग सम्बन्धित)

सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम २०७५ को अधिनमा रहि हाल विद्यमान संस्थाको कोष विभाजनलाई तपसिल बमोजिम अध्यावधिक गर्नका लागि यस साधारण सभामा प्रस्ताव पेश गरिएको छ । कर्मचारी बोनस ऐन अनुसार कर्मचारी बोनस कोषको व्यवस्था गरिने छ ।

| क्र.सं. | कोषको विवरण | हालको व्यवस्था | परिवर्तित व्यवस्था |
|---|---|---|---|
| १ | **खुद बचत** | ××× | ××× |
| १.१ | जगेडा कोष | ३०% | २५% |
| २ | **बाँकी खुद बचत** | ××× | ××× |
| २.१ | सहकारी प्रवर्द्धन कोष | ०.५% | ०.५% |
| २.२ | संरक्षित पूँजी फिर्ता कोष | २५% | २५% |
| (३) | **बाँकी खुद बचत** | ××× | ××× |
| ३.१ | शेयर लाभांश कोष | ६५% | ७०% |
| ३.२ | सहकारी शिक्षा कोष | ५% | ५% |

| | | | |
|---|---|---|---|
| ३.३ | कर्मचारी बोनस कोष | ५% | ०% |
| ३.४ | सहकारी विकास कोष | ५% | ५% |
| ३.५ | घाटापूर्ति कोष | ५% | ५% |
| ३.६ | सामुदायिक विकास कोष | ५% | ५% |
| ३.७ | स्थीरीकरण कोष | ५% | ५% |
| ३.८ | अन्य जोखिम व्यवस्थापन कोष | ५% | ५% |

**सदज्यू, एवम् सहभागी मित्रहरु,**

यस गरिमामय साधारण सभामा पाल्नुहुने सम्पुर्ण सहभागी शेयर सदस्य ज्यूहरु, संस्थालाई सहयोग, समन्वय, सहजिकरण, सुपरिवेक्षण गर्नुहुने राष्ट्रिय सहकारी नियमन प्राधिकरण, सहकारी विभाग, भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय सहकारी तथा रोजगार प्रवर्द्धन शाखा, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफस्कून), राष्ट्रिय सहकारी बैंक लिमिटेड, बागमती प्रदेश सहकारी संघ, बागमती प्रदेश बचत संघ, जिल्ला सहकारी संघ चितवन, चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ, फेन्सी व्यवसायी संघ, मालपोत कार्यालय, नापी कार्यालय तथा अन्य सहयोगी संघ-संस्था, पत्रकारहरू एवम् संस्थालाई अहोरात्र सहयोग गर्नुहुने संस्थाका सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, पूर्व अध्यक्ष ज्यूहरु, परामर्श समूह, सल्लाहकारज्यूहरु, ऋण उपसमिति लगायत विभिन्न उपसमिति र सम्पूर्ण व्यवस्थापन टीम प्रति धन्यवाद दिँदै विजया दशमी, शुभ दिपावली, छठ पर्व, नेपाल सम्वत् तथा इद पर्वको सम्पूर्णमा शुभकामना व्यक्त गर्दछु । जय फेन्सी । जय सहकारी ।

**पदमबहादुर केसी**

**अध्यक्ष**

# १४औं बार्षिक साधारण सभामा लेखा तथा सुपरिवेक्षण समितिबाट प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन

**(कार्यसूची नं. २ सँग सम्बन्धित)**

फेन्सी साकोसको गरिमामय १४औ बार्षिक साधारणसभाका सभाध्यक्ष ज्यू, प्रमुख अतिथीज्यू, विशिष्ट अतिथीज्यूहरु, विभिन्न संघसंस्थाबाट पाल्नुभएका अतिथीज्यूहरु, सञ्चालक समिति, पदाधिकारी, उपसमितिका सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, पत्रकार ज्यूहरु एवम् उपस्थित सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा सहकारी अभिवादन व्यक्त गर्दछौ ।

यस फेन्सी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १४औं वार्षिक साधरणसभाको अवसरमा लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा हामीलाई अत्यन्तै खुशी लागेको छ। यस संस्थाको  आर्थिक कारोवार, निर्णय एवम् कार्यान्वयन प्रकृया परिक्षण गर्न यस आ.व.२०८१/०८२ मा लेखा तथा सुपरिवेक्षण समितिको बैठक ५ पटक बसेको जानकारी गराउँदछौं। संस्थाको आय-व्यय एवम् नाफा-नोक्सानको हिसाव किताब चुस्त दुरुस्त रुपमा रहेको पाईएको छ। साथै संस्थाको हित प्रतिकुल हुने गरि समितिका पदाधिकारी, ऋण उपसमिति, सदस्य एवम् कर्मचारीहरुबाट कुनै कार्य भएगरेको हाम्रो जानकारीमा देखिएन। संस्थाको कुल पुँजी, बचत/निक्षेप संकलन, ऋण लगानी, विभिन्न कोष, सम्पत्ति, नगद तथा बैक मौज्दात र आम्दानी खर्चका अंकहरु वास्तविक खाता भिडान गर्दा दुरुस्त रहेको पाइयो। गत आ.व.२०८०/०८१ देखि आन्तरिक लेखापरीक्षक नियुक्त गरि चौमासिक रुपमा लेखापरीक्षण गरि सञ्चालक समिति समक्ष प्रतिवेदन पेश गर्ने गरिएको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

**निरिक्षण तथा अनुगमनका क्रममा देखिएका केहि विषयवस्तुहरु यस सम्मानित सभामा पेश गर्ने अनुमती चाहन्छौं :**

- संस्थालाई वित्तिय रुपमा सुरक्षित, सबल बनाउन आ.व. २०७९/०८० देखि नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards-NFRS) लागु गरि लेखापरीक्षण गरिएको छ ।
- सहकारी विभाग, नियमक निकायहरुबाट जारी भएका मापदण्ड, निर्देशन एवं परिपत्रहरुलाई पूर्णरुपमा पालना गर्न यो संस्था कृयाशिल रहेको पाइयो ।
- यस संस्थाले नियमक निकायले तोके बमोजिम मासिक, चौमासिक, बार्षिक प्रतिवेदन, सम्पत्ति शुद्धिकरण निवारण ऐन तथा निर्देशिका अनुसार प्रत्येक १५।१५ दिनमा टीटीआर प्रतिवेदन, जोखिम वर्गिकरण लगायतका प्रतिवेदन समयसीमा भित्रै पेश गरेको पाईयो। साथै सूचना पाटी, वेवसाईट र सामाजिक सञ्जाल मार्फत संस्थाको वित्तिय विवरणहरू मासिक रुपमा प्रकाशन गर्ने गरिएको पाईयो।
- सञ्चालक समितिको बैठक प्रत्येक महिनाको १० गते अगावै बस्ने गरेको पाइयो ।
- प्रोवेशन ब्राण्ड प्राप्त गर्ने सिलसिलामा गठित कार्यदलको नियमित बैठक बसी ब्राण्ड प्राप्त गर्ने विभिन्न सुचाङ्कहरु पुरा गर्ने कार्यमा कृयासिल रहेको पाइयो। यस संस्थाले ब्राण्ड प्राप्त गर्ने सिलसिलामा गरिएका प्रयासहरु प्रशंशनिय छन्। साथै तोकिएको सुचाङ्क पुरा गरी संस्थाले निकट भविष्यमा ब्राण्ड प्राप्त गर्न सफल रहोस् भन्ने शुभकामना समेत व्यक्त गर्दछौं ।

सुझावहरु :

- २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्त भाखा नाघेको ऋण ९।८१ प्रतिशत देखिएको र आगामी दिनमा यो भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा कम कायम गर्ने गरि नीति, विधि अनुरुप सक्रियपूर्ण ऋण असुली कार्यक्रम सञ्चालन गर्न सुझाब दिन चाहन्छौं ।

बचत जमानत/धन जमानत ऋणमा हालसम्म प्रति शेयर सदस्य १५ लाख सम्म ऋण लगानी गर्ने गरिएकोमा यस्तो ऋणमा केहि ऋणहरु भाखा नाघि जमानत दिनेको बचतबाट कट्टा गर्दा पनि पूरा ऋण असुली नभएकोले यस्तो ऋण जोखिममा परेको देखिएको हुँदा राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मिति २०८२।०२।०९ गते **बचत तथा ऋणको मूख्य कारोबार गर्ने सहकारी संस्थाको संचालन सम्बन्धमा जारी गरिएको नियामकीय मापदण्ड, २०८२** अनुसार सदस्य जमानतमा ऋण लगानी गर्दा शेयर सदस्यले निजले जम्मा गरेको नियमित मासिक बचतको ५ गुणा वा अधिकतम् रु.३,००,०००।०० (तीन लाख) मध्ये जुन कम हुन्छ सो बराबरको रकम मात्र जमानतमा ऋण प्रवाह गर्न सकिने उल्लेख भएकोले यसै निर्देशन अनुसार गर्नका लागि सुझाब दिन चाहन्छौ ।

बचत जमानतमा ९० प्रतिशत सम्म ऋण लगानी गर्न, र अचल धितो जमानतमा ऋण लगानी गर्ने कार्यलाई विशेष प्राथामिकता दिनुहुन अनुरोध गर्दछौ ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरिएको मापदण्डमा आफ्नो संस्थामा निर्वाचित सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, र कर्मचारीहरूले ऋण लिन नपाउने व्यवस्था गरिएको हुँदा हाल कायम रहेको ऋण असुली गरि २०८३ असार मसान्त सम्म सतप्रतिशत ऋण असुली गर्न/गराउनुहुन सुझाव दिन चाहन्छौ ।

आगामी दिनमा भाखा नाघेको ऋण र व्याज घटाउने, तरलता र खर्च न्यूनिकरण गर्ने, शेयर सदस्यलाई सहज रुपमा ऋण लगानी गर्ने, र आम्दानी बढाई समयानुकुल सदस्यलाई उत्कृष्ट सेवा र मुनाफा दिने गरि कार्यक्रम संचालन गर्न सुझाव दिन चाहन्छौ । मुनाफालाई भन्दा सदस्य सेवा र सदस्य शिक्षालाई जोड दिनहुन समेत सुझाब दिन चाहन्छौ ।

अन्त्यमा,

आन्तरिक लेखापरिक्षण कार्यमा सहयोग पुराउनु हुने सञ्चालक समिति, उपसमिति, कर्मचारीहरु, र सम्पूर्ण शेयर सदस्य ज्यूहरु सबैलाई धन्यवाद व्यक्त गर्दछौं । जय फेन्सी । जय सहकारी ।

**संयोजक श्री भोजेन्द्र पौडेल**

**सदस्य श्री बलराम पाण्डेय**

**सदस्य श्री कमला आले**

**लेखापरीक्षकबाट प्राप्त वित्तीय प्रतिवेदन**

संस्थालाई नीति, नियम, र सुशासनमा सञ्चालन गर्नका निमित्त आन्तरिक र बाह्य लेखापरीक्षक (चार्टर्ड एकाउन्टेन्ट्स) बाट लेखापरीक्षण गर्दै आइरहेको छ । यसैगरि संस्थाले आर्थिक वर्ष २०७९।०८० देखि नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards-NFRS) लागु गरि सोही बमोजिम वित्तीय प्रतिवेदन तयार गर्दै आईरहेको छ । आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न भएको वित्तीय प्रतिवेदन यस प्रकार रहेको छ ।

**ACHARYA S. & ASSOCIATES**
Chartered Accountants
PAN No:- 607005390

Bharatpur, Chitwan
Mob:- 9855043250
E-mail:- acharyasassociates@gmail.com

## श्री फेन्सी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सदस्य महानुभावहरु समक्ष

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**राय,**

